# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७

पहिलो संशोधन, २०७६

## नेपाल सरकार
## गृह मन्त्रालय

मंसिर, २०७६

# विषय सूची

१. पृष्ठभूमी ........................................................ १
१.१ नेपालमा विपद् जोखिम ........................................ १
१.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको पृष्ठभूमी........................ २
१.३ संघीय शासन प्रणालीमा विपद् व्यवस्थापन ........................ २
१.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ संशोधनको आवश्यकता..... ३
२. मार्गदर्शनको उद्देश्य ........................................ ४
३. योजना तर्जुमा प्रकृया........................................ ४
३.१ योजना तर्जुमा ढाँचा ........................................ ४
३.२ योजना तर्जुमा विधि........................................ ६
(१) आधारभूत अध्ययन ........................................ ६
(२) कार्यशाला गोष्ठी........................................ ८
(३) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तर्जुमा ........................ १२
(४) योजनाको परीक्षण ........................................ १३
(५) परिमार्जित मस्यौदा तर्जुमा ........................................ १३
४. अनुगमन, मूल्याङ्कन तथा सिकाइ ........................................ १३
५. संस्थागत समन्वय र सहकार्य........................................ १३
६. तथ्याङ्क, घटना विवरण प्रतिवेदन तथा सम्प्रेषण........................................ १७
६.१ घटना विवरण एवं प्रतिवेदन ........................................ १७
६.२ तथ्याङ्क तथा सूचना व्यवस्थापन........................................ १७
७. अनुसूचीहरू ........................................ १८
अनुसूची १. योजना तर्जुमा प्रकृयामा समितिहरूको प्रथम बैठकको कार्यसूची.................. १९
अनुसूची २. विषयगत क्षेत्रको प्रथम बैठकको मुख्य कार्यसूची........................ २०
अनुसूची ३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको विषय सूची ........................ २१
अनुसूची ४. सन्दर्भ सामग्रीहरूको समीक्षा ........................................ २२
अनुसूची ५. प्रकोप जोखिम विश्लेषण नमूना फाराम........................................ २२
अनुसूची ६. कार्यशालामा सहभागीको दर्ता फाराम ........................................ २२

अनुसूची ७. सरोकारवाला निकायको पहिचान .................................................२३
अनुसूची ८. विषयगत अगुवा र सम्बन्धित संस्थाको सूची ....................................२३
अनुसूची ९. निकायगत स्रोत साधनको आँकलन ........................................... २४
अनुसूची १०. विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना ..................................२५
अनुसूची ११. विषयगत सदस्य संस्थाको कार्यशर्त (नमूना) ..................................२६
अनुसूची १२. अगुवा सहयोगी संस्थाको कार्यशर्त (नमूना)....................................२७
अनुसूची १३. नमूना सूचक तथा लक्ष्यहरू ................................................... २८
अनुसूची १४. अनुगमन, मूल्याङ्कन तथा सिकाइ नमूना फाराम................................२९
अनुसूची १५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समय तालिका...............२९
अनुसूची १६. घटना विवरण प्रतिवेदन ढाँचा..................................................३०

# १. पृष्ठभूमी

## १.१ नेपालमा विपद् जोखिम

विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनका साथै जनसंख्या बृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण र प्रकोप जोखिमलाई ध्यान नदिई गरिने विकास निर्माणका कार्यहरूले गर्दा नेपाल बिभिन्न प्राकृतिक[१] र गैरप्राकृतिक प्रकोपहरू[२] बाट सिर्जित विपद्को उच्च जोखिममा रहेको छ । जलवायु परिवर्तनका कारण मौसमजन्य प्रकोपहरूको प्रकृति, मात्रा र प्रबृत्ति फरक हुँदै गएको छ । जसका कारण विपद् व्यवस्थापनमा नयाँ चुनौतीहरु थपिदै गएका छन् ।

नेपालमा हरेक वर्ष ५०० भन्दा बढी बिभिन्न प्रकोपका घटनाहरू हुने गर्दछन् । जसमध्ये बाढी, पहिरो, डुबान, भूकम्प, चट्यांग, आगलागी, हावाहुरी, हिमताल विस्फोट, सडक दुर्घटना लगायतका प्राकृतिक र गैरप्राकृतिक विपद्का घटनाहरु नियमित रुपमा घट्ने गरेका छन् । यसको परिणामस्वरूप ठूलो मात्रामा जनधनको क्षति हुने र जीविकोपार्जनमा प्रतिकूल असर पर्ने गरेको छ । पछिल्लो ४५ वर्ष (वि.सं. २०२८ देखि २०७२) को अवधिमा नेपालमा ४०,००० भन्दा बढी व्यक्तिहरूले विपद्का कारण आफ्नो ज्यान गुमाएका छन् । उच्च मृत्युदरको अतिरिक्त, उक्त अवधिमा ७५,००० भन्दा बढी व्यक्तिहरू घाइते भएका छन् भने करिब तीस लाख मानिसहरू प्रभावित भएका छन् । यसैगरी, विगत ५ वर्षको (२०७०-२०७५) तथ्याङ्क अनुसार नेपालमा बर्षेनी करीव १०,००० सडक दुर्घटना हुने गरेका छन् । जसका कारण बर्षेनी करीब १,९०० ब्यक्तिले ज्यान गुमाएका छन् भने करीब १३,००० ब्यक्तिहरु घाईते हुन्छन् ।

विपद्बाट हुनसक्ने सम्भावित मानवीय क्षति तथा धन सम्पत्ति र आधारभुत पूर्वाधारहरूमा हानी नोक्सानी कम गर्नका साथै विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न विपद् पूर्वतयारीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ विपद् पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यलाई मजबुत बनाउन जरुरी छ ।

प्रभावकारी विपद् पूर्वतयारीले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्छ र समुदायहरूलाई विपद् उत्थानशील बनाउन मद्धत पुऱ्याउँदछ । यसका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सम्पूर्ण सरोकारवाला निकायहरूको जिम्मेवारी प्रष्ट किटान गरी उनीहरूको पूर्वतयारी तथा प्रतिकार्य क्षमताका साथै स्रोत साधनको उपलब्धता सुनिश्चित गर्नु पर्दछ ।

---

[१] भूकम्प, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, चट्याङ, खडेरी, हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिबृष्टि, अनावृष्टि, हुरी बतास, शीतलहर, तातो हावाको लहर, वन डढेलो लगायतका प्रकोपहरू ।

[२] सडक दुर्घटना, महामारी, अनिकाल, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लु, पान्डामिक फ्लु, सर्पदंश, जनावर आतंक, खानी, हवाई, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना लगायतका प्रकोपहरू

## १.२ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको पृष्ठभूमी

वि.सं. २०६६ सालमा गृह मन्त्रालयले सबै जिल्ला तथा क्षेत्रीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्यको गुणस्तर वृद्धि, सुदृढीकरण र संस्थागत गर्न बाढीको पूर्वतयारी योजना मार्गदर्शन तयार गरेको थियो । त्यसको परीक्षणका आधारमा सबै खालका प्रकोपहरू लक्षित गर्दै विपद् पूर्वतयारीका साथै प्रतिकार्य योजना समेत समावेश गरी "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७" तयार गरी कार्यान्वयनका लागि सबै मन्त्रालय, विभाग, क्षेत्रीय निर्देशनालय तथा जिल्लाहरूमा कार्यान्वयनमा ल्याएको ।

उक्त मार्गदर्शनले जिल्ला तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा संलग्न सबै सरकारी निकायहरू, रेडक्रस, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू र संयुक्त राष्ट्रसंघीय निकायहरूलाई स्पष्ट जिम्मेवारी दिएको छ । यसको आधारमा सबै जिल्लाहरूमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरी लागू गरिएको छ । यो मार्गदर्शन दैवी प्रकोप (उद्धार) ऐन २०३९, स्थानीय स्वायत्त शासन ऐन २०५५, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ आदि कानूनी तथा नीतिगत व्यवस्थामा आधारित थियो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि कानूनी तथा नीतिगत व्यवस्थापनका क्षेत्रमा नेपाल सरकारले समयानुकूल परिमार्जन गर्दै विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना राष्ट्रिय, प्रदेश र स्थानीय तहमा तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्थालाई अनिवार्य बनाएको छ । यस्ता कानूनी व्यवस्थाहरुमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५), स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५ लगायतका कानूनी तथा नीतिगत व्यवस्थाहरू छन् । यसैगरी, अन्तर्राष्ट्रियस्तरमा विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा (सन् २०१५-२०३०), दिगो विकासका लक्ष्यहरू, जलवायु परिर्वतन सम्बन्धी पेरिस सम्झौता, आवधिक योजना, नीति तथा कार्यक्रम लगायतका सन्धि सम्झौतालाई समेत आत्मासात् गर्दै संघ, प्रदेश र स्थानीय तहहरुमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना बनाई विपद्बाट हुने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्नु आवश्यक हुन्छ ।

## १.३ संघीय शासन प्रणालीमा विपद् व्यवस्थापन

नेपालको संविधान, २०७२ को अनुसूची ७ मा प्राकृतिक तथा गैर प्राकृतिक विपद् पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ कार्यलाई संघ र प्रदेशको साझा अधिकारको सूचीमा सूचीकृत गरिएको छ भने अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तह गरी तीनै तहको साझा अधिकारको सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ । अनुसूची ८ ले विपद् व्यवस्थापनलाई स्थानीय तहको एकल अधिकारको सूचीमा समेटेकोले यसमा स्थानीय तहको महत्वपूर्ण भूमिका हुनपर्ने स्पष्ट छ ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिष्द, कार्यकारी समिति, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (यसपछि प्राधिकरण भनिने), प्रदेश विपद् व्यवस्थापन परिषद् र कार्यकारी समिति, जिल्ला तथा स्थानीय तहमा विपद् व्यवस्थापन समितिहरूको संस्थागत व्यवस्था गरी तिनीहरूको काम, कर्तव्य र अधिकार समेत तोकेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (न) ले गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र विपद् व्यवस्थापन सम्बन्धी सबै चरणका कार्यहरू समावेश गरेको छ। यस ऐनले राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन सम्बन्धी कार्यहरूका साथै सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन कार्यलाई समेत गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार भित्र समेटेको छ।

राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७० (प्रथम संसोधन, २०७५) ले विपद् पूर्वतयारी र विपद् पछिको खोज, उद्धार र राहत कामलाई व्यवस्थित तुल्याउन, जिम्मेवारीको बाँडफाँड गर्न र समन्वयलाई प्रभावकारी बनाउन स्पष्ट व्यवस्था गरेको छ। यस अन्तर्गत प्रतिकार्यका लागि अन्तर्राष्ट्रिय सहयोगको अपिल गर्ने प्रक्रिया र त्यसको जिम्मेवारी, त्यसका लागि ध्यान दिनु पर्ने पक्ष, अन्तर्राष्ट्रिय सहायताको समन्वयका कुराहरूलाई पनि उक्त कार्यढाँचाले व्यवस्थित गरेको छ। उक्त कार्यढाँचाले आपत्कालीन समयमा निकायगत समन्वयका लागि विषय क्षेत्रगत समूहको प्रावधान, विपद् सूचना संकलन र प्रभावको संयन्त्र र त्यसको परिचालनको पक्षमा पनि स्पष्ट व्यवस्था गरेको छ। विपद् पछिका विभिन्न समय अवधिको प्राथमिकतायुक्त कामको पहिचान गर्दै विपद् पछि गर्नुपर्ने कामको पहिचान र जिम्मेवारीको विभाजन पनि गरेको छ।

नेपाल सरकारले विद्यमान विपद् जोखिमको न्यूनीकरण तथा नयाँ जोखिमको प्रभावकारी रोकथाम गरी विपद् जोखिमबाट सुरक्षित, अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्न विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (सन् २०१८-२०३०), २०७५ तयार गरी लागु गरेको छ।

### १.४ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७ संशोधनको आवश्यकता

संघीय संरचना अनुरुप विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न नीति, ऐन तथा रणनीतिक कार्ययोजनाहरू तयार भएका सन्दर्भमा प्रदेश, जिल्ला, स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनलाई व्यवस्थित गर्न साथै योजनाहरूमा एकरुपता र गुणस्तर कायम गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (प्रथम संशोधन, २०७५) को दफा ८ बमोजिम "विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६७" लाई नेपाल सरकार, गृह मन्त्रालयले सम्बन्धित सरोकारवाला निकायहरूको राय सुझाव समेत लिई संशोधन गरेको छ। संशोधित मार्गदर्शन कार्यकारी समितिबाट मिति २०७६।०८।०३ मा स्वीकृत भई लागु भएको छ।

## २. मार्गदर्शनको उद्देश्य

यस मार्गदर्शनको प्रमुख उद्देश्य प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने प्रकृयालाई सहजीकरण गर्नु हो । यो मार्गदर्शनले तीनै तहमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनमा संलग्न सबै सरकारी निकायहरू, रेडक्रस अभियान, राष्ट्रिय तथा अन्र्तराष्ट्रिय गैरसरकारी संस्थाहरू र राष्ट्रसंघीय निकायहरूलाई आवश्यक दिशानिर्देश गर्ने अपेक्षा गरिएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिका लागि यो मार्गदर्शन पहिले तयार भएका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई परिवर्तित सन्दर्भमा कार्यप्रकृति र कार्य विभाजन अनुरुप पुनरावलोकन गरी अद्यावधिक गर्न उपयोगी हुनेछ ।

प्रदेश र स्थानीय विपद् व्यवस्थापन समितिहरूका लागि यो मार्गदर्शन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्ने कार्यमा एउटा महत्वपूर्ण स्रोत सामग्री हुनेछ ।


यसले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहको समन्वय र सहकार्य प्रवर्द्धन गरी विपद् न्यूनीकरणलाई विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्न योगदान गर्नेछ ।

## ३. योजना तर्जुमा प्रकृया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृया नयाँ योजना तयार गरी कार्यान्वयन गर्ने र भैरहेको योजनालाई नियमितरुपमा पुनरावलोकन तथा अद्यावधिक गर्ने महत्वपूर्ण कार्य हो ।

### ३.१ योजना तर्जुमा ढाँचा

सम्बन्धित तहमा कार्यरत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न निकायहरूसंगको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने मुख्य जिम्मेवारी सम्बन्धित विपद् व्यवस्थापन समितिको हो । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा चित्र १ मा प्रस्तुत गरिएको छ ।




*चित्र १. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको अवधारणागत ढाँचा*

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना** तर्जुमा कार्य दुई चरणमा गर्न सकिनेछ । पहिलो चरणमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयारीको लागि आधारभूत अध्ययन र कार्यशाला गोष्ठीको आयोजना गरिनेछ । दोस्रो चरणमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा छलफल, कृत्रिम अभ्यासद्वारा परीक्षण र परिक्षणको आधारमा परिमार्जन गरी सम्बन्धित तहबाट स्वीकृत गरिनेछ ।

**विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा निम्न तीन चरणका कार्यहरू समेटिनेछन् :**

(क) **सामान्य पूर्वतयारी**

सामान्य पूर्वतयारी सम्बन्धित कामहरूमा विपद् घटना अगावै गरिने, प्रायः सबै प्रकोपका लागि गर्नपर्ने जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन औजार, शीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता गतिविधिहरू समावेश हुनेछन् । यी सबै क्षमता र तयारी आवधिकरुपमा अद्यावधिक गर्न जरुरी हुन्छ ता कि विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमा नै कार्यान्वयन गर्न सकियोस् । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि पूर्वतयारी कार्य हो ।

**(ख) पूर्वानुमान तथा पूर्वसूचनामा आधारित पूर्वतयारी**

यो चरणका कार्यहरू प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको पूर्वानुमानमा आधारित भरपर्दो आधिकारिक सूचनाको आधारमा तय गरिनेछन् । सही पूर्वानुमान र उपलब्ध अग्रिम समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गरिनेछन् । यसमा सामान्य सतर्क रहनेदेखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धनसम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्नेसम्मका हुन सक्नेछन् ।

**(ग) आपत्कालीन प्रतिकार्य**

यो चरणका कामहरुमा विपद्जन्य प्रकोप आएको वा आसन्न खतराको अवस्थामा तत्कालको आवश्यबता अनुसार गर्ने कार्यहरु समावेश गरिनेछन् । यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने उद्धार, उपचार एवं जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा सार्ने जस्ता राहत गतिविधिहरू समावेश हुनेछन् । खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य तथा शिघ्र पुर्नलाभका कार्यहरू यस चरणमा पर्दछन् ।

माथि उल्लेखित तीनै चरणका कामहरूको योजना तर्जुमा चित्र १ को ढाँचामा प्रस्तुत प्रकृयामा गर्न सकिनेछ । हरेक चरणका कृयाकलापहरूको संक्षिप्त चिनारी तल उल्लेख गरिएकोछ ।

## ३.२ योजना तर्जुमा विधि

### (१) आधारभूत अध्ययन

सम्बन्धित तहको विपद् व्यवस्थापन समितिले *बैठकको आयोजना गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा वा अद्यावधिक गर्ने प्रकृया आरम्भ* गर्न सक्नेछ । उक्त बैठकले विगतका विपद्का घटनासम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्शा, सङ्कटासन्नता तथा जोखिम आँकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली तथा विपद्सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा प्राविधिक सहयोग गर्नका लागि आवश्यकता अनुसार अनुभव प्राप्त विज्ञ समेत भएको कार्यसमूह (Working Group) को गठन गर्न सक्नेछ । उक्त बैठकको कार्यसूचीको नमूना अनुसूची १ मा दिईएको छ । बैठकले कार्यसमूहलाई काम, कर्तव्य र जिम्मेवारी सहितको कार्यसूची दिन सक्नेछ । कार्यसूची अनुसार कार्यसमूहले आधाभूत अध्ययन लगायतका कामहरू गर्न सक्नेछन् ।

सामान्यतया (उपलब्ध भए) देहाय वमोजिमका अभिलेखहरूको पुनरावलोकन गर्नुपर्दछ ।

१. सम्बन्धित तहको वा त्यहाँ लागू हुने विपद व्यवस्थापन सम्बन्धी ऐन, नियम, नीति, निर्देशिकाहरू
२. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, २०७५
३. विगतको विपद् पूर्वतयारी र प्रतिकार्य योजना तथा विषय क्षेत्रगत आकश्मिक योजनाहरू
४. विपद् सम्बन्धित प्रतिवेदनहरू
५. सम्बन्धित तहको विपद्को इतिहास (भूकम्प, बाढी, पहिरो, आगलागी, महामारी, सडक दुर्घटना आदि)
६. विपद् व्यवस्थापनको विगतको अभ्यास अनुभव तथा सिकाई
७. सम्बन्धित तहको प्रकोप, संकटासन्नता तथा जोखिम लेखाजोखा, प्रोफाइल

८. सम्बन्धित तहको मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली, महामारी निगरानी प्रणाली, सडक सुरक्षा कार्ययोजना
९. जनसंख्या विवरण, सडक संजाल, नदी, बसोबास क्षेत्र तथा गाउँपालिका/नगरपालिकाको सीमाना आदि देखिने सम्बन्धित तहको नक्शा
१०. सम्बन्धित तहका आवधिक विकास योजनाहरू, विषयक्षेत्रगत योजनाहरू, प्रतिवेदनहरू

आधारभूत अध्ययन (Baseline Study) गर्दा अन्य अध्ययनका अलावा सम्बन्धित तहको विपद् व्यवस्थापन सम्बन्धी मौजुदा योजनाहरू, विगतका (कम्तिमा ५ बर्ष) विपद्का घटनासम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्शा, सङ्कटासन्नता तथा जोखिम आँकलन, पूर्वानुमान तथा पूर्वसूचना प्रणाली लगायत अन्य सान्दर्भिक सामग्रीको पुनरावलोकन र समीक्षा गर्नुपर्दछ ।

जिल्ला तहको हकमा सम्बन्धित स्थानीय तहले तयार गरेका योजनाहरूको अध्ययन गरी उनीहरूलाई "बाह्य सहयोग वा अन्य निकायको सहयोग आवश्यक पर्ने" भनी उल्लेख भएका विवरणहरू नोट गर्नु वाञ्छनीय हुन्छ ।

यस्तै, प्रदेशको हकमा सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिका योजना एवं स्थानीय तहका योजनाहरूको अध्ययन गर्न सकिन्छ । संघीय तहमा क्रमशः जिल्ला र प्रदेशका विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाहरूलाई अध्ययन गर्नुपर्छ ।

सम्बन्धित तहको विपद् पूर्वतयारी तथा प्रतिकार्यको लागि उक्त तहमा कार्यरत सरोकारवाला तथा साझेदार संस्थाको पहिचान गरि सूची तयार गर्नुपर्दछ । सरोकारवाला निकायहरूको सूचीसम्बन्धी नमूना अनुसूची ७ मा दिईएको छ ।

प्रभावकारी विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०७५ ले विषयगत अवधारणा (Cluster approach) लाई अवलम्बन गरेको छ । राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ ले संघीय तहमा निम्न बमोजिमका ११ वटा विषयगत क्षेत्रहरू (Cluster) को पहिचान गरेको छ ।

- स्वास्थ्य
- खानेपानी, सरसफाई र स्वास्थ्य प्रबर्द्धन
- आपत्कालीन आश्रयस्थल
- खाद्य सुरक्षा
- पोषण
- शिविर समन्वय तथा शिविर व्यवस्थापन
- संरक्षण
- शिघ्र पुनर्लाभ
- शिक्षा
- बन्दोबस्ती
- आपत्कालीन सञ्चार

सम्बन्धित तहमा क्रियाशील निकायहरूको आधारमा विषयगत क्षेत्रहरुको संख्या र वनावट फरक फरक हुन सक्नेछन् । **सम्बन्धित तहको विषयगत क्षेत्रहरुको नेतृत्व सम्बन्धित विषयगत क्षेत्रको सरकारी निकायहरुले गर्नेछन्** । सम्बन्धित तहका विपद् व्यवस्थापन समितिहरुले सरकारी र गैरसरकारी क्षेत्रका वीच प्रभावकारी समन्वय गर्न सम्बन्धित तहमा अगुवा सहयोगी संस्था (Lead Support Agency) को छनोट गर्न सकिनेछ ।

विषयगत क्षेत्रका सदस्यहरुलाई योजना तर्जुमाको शुरुकै चरणबाट संलग्न गराउन उपयुक्त हुन्छ । विषयगत संस्थाको सूचीको नमूना खाका अनुसूची ८ मा दिइएको छ ।

प्रत्येक विषयगत क्षेत्र (Clusters) को समेत छुट्टाछुट्टै वैठक गरी विषयक्षेत्रगत योजना मस्यौदा गर्नु पर्दछ । विषयगत क्षेत्रको प्रथम बैठकको कार्यसूचीको नमूना अनुसूची २ मा दिईएको छ ।

कार्यदलले सबै बिषयक्षेत्रका योजनाहरू एकत्रित गरी मस्यौदा तयार गर्नेछ । मस्यौदालाई समितिको बैठकमा छलफल र आवश्यक परिमार्जन गरी सरोकारवालाहरूको कार्यशालामा प्रस्तुत गरिनेछ ।

पहिलो कार्यशालाको आयोजना गर्नु अगाडि सम्बन्धित तहको विपद् व्यवस्थापन समितिको बैठक बसी बिभिन्न बिषयक्षेत्रका योजनामा पर्याप्त छलफल भएको हुनुपर्दछ । यस बैठकमा विपद् व्यवस्थापन समितिले विषयगत अगुवा सरकारी निकायहरु (Cluster Leads) लाई आमन्त्रण गर्न सक्नेछ ।

### (२) कार्यशाला गोष्ठी

सम्बन्धित तहको विपद् व्यवस्थापन समितिको आयोजनामा कार्यशाला गोष्ठी आयोजना गरी मस्यौदा प्रस्तुत गरी सरोकारवालाहरूकोवीच छलफल गरिनेछ । कार्यशालामा सम्बन्धित तहको विपद् व्यवस्थापन समितिका सदस्यहरू, बिषयक्षेत्रका सदस्य संघसँस्थाहरू साथै पत्रकार, राजनैतिक दल, निजी क्षेत्रका संघसंस्था, सङ्कटासन्न समुदाय लगायतका सरोकारवालाहरूको सहभागिता हुनेछ । कार्यशाला आयोजना गर्न आवश्यक स्रोत साधनको व्यवस्था गर्ने जिम्मेवारी सम्बन्धित तहको विपद् व्यवस्थापन समितिकै हुनेछ । यस कार्यमा सम्बन्धित तहमा कार्यरत मानवीय सहायतामा संलग्न सरकारी, गैरसरकारी निकायहरूले योजना तर्जुमा प्रकृयामा आवश्यक सहयोग पुऱ्याउनेछन् ।

सम्बन्धित तहको विपद् व्यवस्थापन समितिद्वारा गठित कार्यसमूह (Working Group) ले कार्यशाला गोष्ठीको सञ्चालन विधि, समय, स्थान, कार्यसूचीको छनोट तथा स्रोत साधन जस्ता विषयमा समितिलाई सहयोग र परामर्श गर्न सक्नेछ । समितिले कार्यदललाई कार्यशालाको सहजीकरण गर्न जिम्मेवारी दिन सक्नेछ । गोष्ठीको सम्भावित कार्यसूची देहाय बमोजिम हुनेछ :

१. सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोड
२. निकायगत श्रोत, साधन तथा क्षमताहरू
३. मुख्य विपद् र संभावित प्रभाव क्षेत्र
४. विषयगत क्षेत्र केन्द्रित (Cluster Specific) योजना र समूहगत छलफल
५. तीनै चरणका योजनावद्ध कार्यहरूको पहिचान र प्राथमिकीकरण
६. योजना गरिएका कार्यहरूमा सम्बन्धित निकायको दायित्व तथा भूमिका
७. आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिबृद्धि गर्ने रणनीति
८. अन्तरसम्बन्धित विषय (Crosscutting issue) सवालहरुको सम्बोधन
९. सहकार्य र समन्वयका क्षेत्रहरु र सरोकारवालाहरू
१०. अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना

माथि उल्लेखित छलफलका बिषयको संक्षिप्त चिनारी तल दिइएको छ ।

**१. सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त निचोड**

कार्यसमूहका सम्बन्धित सदस्यले सम्बन्धित तहमा भएका र संभावित प्रकोप, सङ्कटासन्नता तथा जोखिमको अवस्थाको बारेमा गरिएको पुनरावलोकन र जोखिम विश्लेषण गोष्ठीको मुख्य सत्रमा प्रस्तुत गर्नेछन् । सहभागीहरूले यसमा छलफल गरी आवश्यकता भए परिमार्जन गर्न सुझाव दिन सक्छन् । यस्तो सुझाव गोष्ठी समाप्त भएपछि पनि लिन सकिनेछ । गाउँपालिका तथा नगरपालिकाको प्रकोप, सङ्कटासन्नता तथा जोखिम विश्लेषण निचोडमा छलफल गरी निर्क्योल गर्दा सम्बन्धित गा.पा./न.पा.का पदाधिकारीको संलग्नता अपरिहार्य हुन्छ । सन्दर्भ सामग्रीको पुनरावलोकनबाट प्राप्त मुख्य नतिजाको संश्लेषण अभिलेख गर्न नमूना अनुसूची ४ मा दिइएको छ । प्रकोप जोखिम विश्लेषणको ढाँचा अनुसूची ५ मा दिइएको छ ।

**२. निकायगत उपलब्ध स्रोत साधन तथा क्षमताहरू**

पूर्वतयारी तथा प्रतिकार्य क्षमताका बारेमा विश्लेषण गर्दा बिषयक्षेत्रका अगुवा र अन्य सम्बन्धित निकायसँग छलफल गरी निर्क्योल गर्नु पर्दछ । यसको संश्लेषण कार्यशालामा प्रस्तुत गरिनेछ । हरेक निकायले पूर्वतयारी र प्रतिकार्य गर्नका लागि आफुसँग भएका स्रोत र साधनको सूची तयार गर्नुपर्दछ । स्रोत साधन आदिको सूचीको ढाँचा अनुसूची ९ मा दिईएको छ ।

**३. मुख्य विपद् र संभावित प्रभाव क्षेत्र**

आधारभूत अध्ययनमा सम्बन्धित तहका प्रकोहरूको पहिचान, सङ्कटासन्न क्षेत्र तथा पर्नसक्ने प्रभावको मूल्यांकन, लेखाजोखा गर्नुपर्दछ । यसको प्रतिवेदन कार्यशालामा प्रस्तुत गरी कुनकुन प्रकोपलाई लक्षित गरी पूर्वतयारी र प्रतिकार्य योजना तयार गर्ने बिषय सम्बन्धित विपद् व्यवस्थापन समितिले नै निर्क्योल गर्ने बिषय हो । जोखिम विश्लेषण गर्दा दुईवटा आयाममा ध्यान दिनुपर्दछः

(क) प्रकोपको घटना घट्न सक्ने सम्भावना
(ख) सो प्रकोपबाट जनताको जीउधन, पूर्वाधार तथा सार्वजनिक सेवा प्रवाहमा पर्नसक्ने असर र प्रभाव

सामान्यतया विपद् जोखिम विश्लेषणका आधारमा प्रकोपहरू छनौट गरी योजना तयार गरिन्छ । प्रकोपको छनौट गर्दा प्रकृति, संभावित मात्रा र सम्भावित आपत्कालीन अवस्थालाई आधार मान्न सकिन्छ ।

कहिलेकाही मात्र हुने भएता पनि भूकम्प जस्ता प्रकोपले ठूलो जनधनको क्षति पुग्न सक्दछ । यसर्थ सवै प्रदेश, जिल्ला, नगरपालिका र गाउँपालिकाले यस्ता अनिश्चित एवं आकस्मिक प्रकोपका लागि पूर्वतयारी तथा प्रतिकार्य योजना वनाउनु उचित हुन्छ ।

**४. विषयगत क्षेत्र केन्द्रित (Cluster Specific) योजना र समूहगत छलफल**

सहभागीहरूलाई आफ्नो संस्थाको कामसंग सम्बन्धित विषयगत क्षेत्र छनौट गर्न लगाउनु पर्दछ । यदि एउटै संस्था एकभन्दा वढी विषयगत क्षेत्रसंग सम्बन्धित भएमा संस्थाका तर्फबाट अन्य सदस्य समेत सहभागी गराउन वा सवैभन्दा वढी योगदान गर्न सकिने विषयगत क्षेत्र छनौट गरी समूह निर्माण गर्न सकिन्छ ।

**५. तीनै चरणका योजनावद्ध कार्यहरूको पहिचान र प्राथमिकीकरण**

पूर्वतयारीका कार्यहरूमा सामान्य पूर्वतयारी र पूर्वानुमानमा आधारित पूर्वतयारी र आपत्कालीन अवस्थाका कार्यहरू हुन सक्नेछन् । कार्ययोजना सहितको पूर्वतयारी तथा प्रतिकार्य कार्यतालिकाको खाका अनुसूची १० मा दिईएको छ ।

उदाहरणका लागि, केही पूर्वतयारी कार्यहरू निम्न हुन सक्नेछन् ।

- सम्बन्धित तहका प्रत्येक विषयगत समुहहरूमा पूर्वतयारी र प्रतिकार्य गतिविधिहरूमा संलग्न एक सक्रिय सूचना व्यवस्थापन संयन्त्र सुनिश्चित गर्ने
- विपद् पूर्वतयारी र प्रतिकार्यको लागि स्वयंसेवकहरू र प्रशिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने
- स्थानीय समुदायलाई पूर्वानुमानका साथै पूर्व सूचना प्रणाली, सुरक्षा तथा उद्धार सामग्री र उपकरणले सबल बनाउने
- प्रारम्भिक लेखाजोखा, मूल्यांकन र विस्तृत घरधुरी सर्वेक्षण फारम तथा प्रारूप तयार गर्ने
- तथ्यांक संकलनका लागि आवश्यक फर्मेट तयारी गर्ने
- पूर्वानुमान सूचना तथा सतर्कता सन्देशहरूका लागि संचारको विविध च्यानलहरूको विस्तृत अभिलेख राख्ने
- पूर्वतयारी र प्रतिकार्य गतिविधिहरूका लागि आवश्यक मानव तथा वित्तीय स्रोतहरू पहिचान गर्ने
- जनसंख्या, संकटासन्न समुदाय, सामाजिक सेवा, क्षमता प्रणाली, सुरक्षा स्थिति, जीविकोपार्जन, बसोबासको अवस्था, खुला खाली ठाउँहरू, यातायात र पूर्वाधारसम्बन्धी सूचना प्राप्त गर्ने
- सुरक्षित मार्गहरू, खोज तथा उद्धार मार्गहरू, संकटासन्न समुदायमा हेलीपेड, अवतरण र ड्रप जोन पहिचान गर्ने
- सम्बन्धित तहमा पूर्वतयारी तथा प्रतिकार्य टोली निर्माण गर्ने र उनीहरूलाई तालिम प्रदान गर्ने
- अस्थायी आपत्कालीन आश्रयस्थल, खाद्य तथा गैरखाद्य वस्तुहरूका लागि भण्डारण गृह र भण्डारण स्थलको पहिचान गर्ने, श्रोत सामाग्रीको आँकलन र नपुग सामाग्रीको जोहो गर्ने
- आपत्कालीन राहतको लागि आवश्यक पर्ने खाद्य तथा गैर खाद्य बस्तुहरूको बजार सर्वेक्षण गर्ने
- स्वास्थ्य सुरक्षा योजना तयार गर्ने, अस्थायी स्वास्थ्य केन्द्र पहिचान गर्ने
- विद्यालयहरूको जोखिमको आधारमा वर्गिकरण गर्दै सुरक्षा योजना तयार गर्ने, आकश्मिक योजना बनाउने
- जीविकोपार्जनका साधनहरूको (गाईपालन, बाखापालन, सुँगुर र कुखुरा फारमहरू, माछा पोखरी, तरकारी खेती लगायत सेवामूलक अन्य पेशा तथा व्यवसाय आदि) सुरक्षाका उपायहरू बारे योजना बनाउने
- बाढी निकास र नहरहरू सबै सफा रहेका सुनिश्चित गर्ने, संबेदनशील संरचनाको मजबुतीपना लेखाजोखा गर्ने
- सुरक्षा निकाय र अन्यलाई खोजी तथा उद्धार तालिम प्रदान गर्ने
- पूर्वतयारी बारेमा राजनैतिक दल र नागरीक समाजका लागि संयुक्त अभिमुखीकरण गर्ने
- कार्यसञ्चालन विधि सहितको आपत्कालीन प्रतिकार्य कोषको विकास गर्ने

केही प्रतिकार्यका कार्यहरू निम्न हुन सक्नेछन् :

- सम्बन्धित तहको विपद् व्यवस्थापन समितिको आकस्मिक बैठक गर्ने
- खोज तथा उद्धार टोली र द्रुत प्रतिकार्य टोलीको परिचालन गर्ने
- घाइतेलाई घुम्ती क्लिनिकहरू मार्फत प्राथमिक उपचार गर्ने

- मानिसहरू र घरपालुवा जनावरहरू स्थानान्तरण गर्ने
- सूचना सङ्कलन गर्न, व्याख्या गर्न र पुष्टि गर्न आपत्कालीन सूचना प्रणाली (तथ्याङ्क-सूचना इकाई) स्थापना र सञ्चालन गर्ने
- आपत्कालीन प्रतिकार्यका लागि कार्य संचालन विधि अनुसार आपत्कालीन कार्यसञ्चालन केन्द्र सक्रिय बनाउने
- आपत्कालीन आश्रयस्थल, राहत सामग्रीको व्यवस्था गर्ने
- बाढीको खतरा क्षेत्रमा नदीको सतह सतर्कता तह भन्दा तल नझरेसम्म प्रतिघण्टाको अद्यावधिक सूचना प्रवाह जारी राख्ने
- सम्बद्ध आपत्कालिन प्रतिकार्य योजनाहरूलाई सक्रिय बनाउने । बिषयगत क्षेत्र (Cluster) र कार्यदल समुहले आफ्ना सम्बधित आपत्कालिन योजनाहरू सक्रिय बनाउन नेतृत्व गर्ने

**नोटः**

(१) पूर्वतयारी र प्रतिकार्य सम्बन्धित कृयाकलापहरू सम्बन्धी थप जानकारी राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा, २०७५ बाट पनि लिन सकिनेछ ।

(२) प्रकोप पूर्वसूचना प्रणाली सम्बन्धि जानकारी राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्र वा सम्बन्धित जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र मार्फत लिन सकिनेछ ।

## ६. योजना गरिएका कार्यहरूमा सम्बन्धित निकायको दायित्व तथा भूमिका

बिभिन्न निकायहरूको जिम्मेवारी ऐन, नियम, राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा तथा सम्बन्धित निकायको कार्यक्षेत्र, कार्यशर्तहरूमा उल्लेख भएका हुन्छन् । कार्यशालामा सम्बन्धित विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयगत क्षेत्रका सदस्यहरू, मानवीय कार्यमा संलग्न संस्थाहरूको भूमिकाको वारेमा छलफल गरिनु उपयुक्त हुन्छ । यस्ता कार्यक्षेत्र तथा कार्यशर्तहरूलाई सम्बन्धित विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार थप स्पष्ट गर्न सक्नेछन् ।

अनुसूची ११ र अनुसूची १२ मा संलग्न विषयगत क्षेत्रका सदस्य संस्था (Cluster Member) तथा अगुवा सहयोगी संस्था (Lead Support Agency) को कार्यशर्तको नमूना आवश्यकता अनुसार परिमार्जन गरी प्रयोग गर्न सकिन्छ ।

## ७. आवश्यकता तथा क्षमता विश्लेषण र क्षमता अभिबृद्धि गर्ने रणनीति

योजना तर्जुमा गर्दा यसको कार्यान्वयनका लागि आवश्यक पर्ने सामग्री, उपकरण, जनशक्ति, आर्थिक श्रोत र अर्कोतर्फ, योजना कार्यान्वयनमा संलग्न संस्थाहरूको क्षमता विश्लेषण गरी नपुग क्षमता परिपूर्ति गर्न आवश्यक रणनीति बनाउनु उपयुक्त हुन्छ । विश्लेषणमा विपद् घटना पश्चात् प्रभावितहरूको मानवीय आवश्यकताको पूर्वानुमान (जस्तै आश्रयस्थलमा आवश्यक पर्ने खाद्यान्न, स्वास्थ्य तथा सरसफाई सामग्री आदि), जनसंख्याको विशेषता (जस्तै लिङ्ग, उमेर, आर्थिक तथा सामाजिक स्तर आदि), प्रभावित समुदाय एवं सम्बन्धित तहको प्रतिकार्य क्षमताका साथै सम्भावित भौतिक तथा वातावरणीय अवस्था (पहूँच मार्ग, बजार, सेवा प्रवाह आदिका अवस्था) लाई पनि समावेश गर्नुपर्दछ ।

## ८. अन्तरसम्बन्धित विषय, सवालहरू (Cross-cutting issue) को सम्बोधन

विपद्बाट महिला/पुरुष, वालवालिका, बृद्धबृद्धा, अशक्त वा बिभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिहरूमा फरक-फरक प्रभाव पर्दछ । विपद् हुनु अगावैको अवस्थामा समेत

समाजका केही समूह तथा व्यक्तिहरु आर्थिक तथा सामाजिक हिसावले सीमान्तकृत भएका हुन्छन् । यसैले संकटासन्नता लेखाजोखा, क्षमता विकास र स्रोत परिचालन गर्दा महिला/पुरुष, वालवालिका, बृद्धबृद्धा, अशक्त वा बिभिन्न कारणले भिन्न शारीरिक तथा मानसिक अवस्था भएका व्यक्तिको आवश्यकता र क्षमतालाई मध्यनजर राख्नुपर्दछ । यी मुद्दालाई विशेष ध्यान पुऱ्याई उनीहरूको फरक आवश्यकता, योगदान र क्षमतालाई सम्वोधन गर्नुपर्दछ ।

विपद्को पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनका हरेक चरणमा सबैले महिला/पुरुष, वालवालिका, बृद्धबृद्धा तथा अपाङ्गता भएका व्यक्ति सहित सामाजिक तथा आर्थिक रुपमा पिछडिएका समुदायको पहूँच, प्रतिनीधित्व र सक्रिय सहभागीताको सुनिश्चितता गर्नु पर्दछ ।

## ९. सहकार्य र समन्वयका क्षेत्रहरु र सरोकारवालाहरू

सम्बन्धित तहमा योजना कार्यान्वयनका लागि परस्पर सहकार्य र समन्वयका क्षेत्रहरू पहिचान गरी योजनामा समावेश गरिनेछ । अन्य तह र निकायसँगको समन्वय र सहयोगको संयन्त्र तथा सहकार्यका क्षेत्रहरु निर्धारण पनि गरिनु पर्दछ । अन्य तह र निकायबाट आवश्यक पर्ने सहयोग स्पष्ट गरी समयमै जानकारी गराएमा उनीहरूले आफ्ना योजनामा राख्न सक्छन् ।

## १०. अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले निर्दिष्ट गरेका कार्यहरूको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन गर्न लक्ष्य र सूचकहरू परिभाषित गरी अनुगमन, मूल्याङ्कन योजना तयार गर्नु पर्दछ । सम्बन्धित तहबाटै यसको कार्यान्वयन गर्न सकिनेछ । नमूना सूचकहरू अनुसूची १३ मा दिईएको छ ।

प्रकोप अनुसार पूर्वतयारी तथा प्रतिकार्यको अनुगमन तथा मूल्याङ्कन सामान्यतया दुई पटक गर्नु उपयुक्त हुनेछ (जस्तै बाढी, पहिरो जस्ता प्रकोपका लागि मनसुन पूर्व र पश्चात्, शीतलहर पूर्व र पश्चात, अन्य प्रकोपको हकमा विपद् पश्चात्) । योजना कार्यान्वयनको अवस्था र प्रभावकारिताको अनुगमन आवश्यकता अनुसार त्रैमासिक, चौमासिक, अर्धबार्षिक गर्न सकिनेछ । योजनाको कार्यान्वयनको बार्षिक मुल्याङ्कन र समसामयिक परिमार्जन गर्न सकिन्छ ।

प्रत्येक विषयगत क्षेत्रले पूर्वतयारी अवस्था र प्रतिकार्यको मूल्यांकनको लागि आ-आफ्नो योजना बनाउन सक्नेछन् ।

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको समग्र प्रभावकारिता र कमजोरी तथा सिकाईहरू मूल्याङ्कन गर्न एक अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण गर्न सकिन्छ । यस संयन्त्रले सम्बन्धित तहको विपद् व्यवस्थापन समितिसँग प्रत्यक्ष समन्वयमा कार्य गर्नेछ । अनुगमन, मुल्याङ्कन तथा सिकाईको नमूना फाराम अनुसूची १४ मा दिइएको छ ।

### (३) विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तर्जुमा

कार्यशालाबाट प्राप्त सुझावहरूलाई समेटी कार्यसमूहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा तयार गर्नेछ । उक्त मस्यौदा योजना सम्बन्धित क्लष्टर र विपद् व्यवस्थापन समितिमा आवश्यकता अनुसार छलफल गरी छलफलको निश्कर्ष अनुसार परिमार्जन गर्नुपर्दछ । विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको विषयसूचीको नमूना अनुसूची ३ मा दिईएको छ ।

### (४) योजनाको परीक्षण

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा तय गरिएका कतिपय क्षमता र कार्यहरू सरोकारवालाहरूको सहभागितामा विपद् घटना अगावै परीक्षण गर्नुपर्छ। परीक्षणका आधारमा योजना सही भए नभएको पत्ता लगाउन सजिलो हुन्छ। कतिपय प्रतिकार्यहरुका परीक्षण कृत्रिम घटना अभ्यास (simulated exercise) मार्फत गर्नुपर्दछ। यसका लागि विपद्को अवस्थाको कृत्रिम परिदृश्य (Scenario) को काल्पनिक अवस्था बनाई कृत्रिम घटना अभ्यास गरेर पूर्वतयारी र प्रतिकार्य दुबैको परीक्षण गर्न सकिन्छ। पूर्वानुमान उपलब्ध हुनसक्ने प्रकोपको हकमा (जस्तै बाढी, शीतलहर) कृत्रिम अभ्यासका लागि पूर्वानुमानमा आधारित कृत्रिम परिदृश्य (artificial scenario) लाई पनि उपयोग गर्न सकिनेछ।

### (५) परिमार्जित मस्यौदा तर्जुमा

मस्यौदा योजनाको परीक्षणबाट प्राप्त नतिजा र सुझावहरूका आधारमा योजनाको परिमार्जन गरिनेछ। यसमा अनुगमन, मूल्याङ्कन तथा सिकाई योजनालाई समेत परिमार्जन गर्न पर्ने हुनसक्छ। परिमार्जित योजनालाई सम्बन्धित विपद् व्यवस्थापन समितिको बैठकबाट अनुमोदन गरी लागू गर्न सकिन्छ। यदि सम्बन्धित कार्यपालीका वा कार्यकारी समिति वा परिषद्लाई स्वीकृत गर्ने अधिकार भए त्यहाँ पठाउन सकिन्छ।

## ४. अनुगमन, मूल्याङ्कन तथा सिकाइ

योजनाले निर्दिष्ट गरेका कार्यहरूको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताका लागि सम्बन्धित तहका विपद् व्यवस्थापन समिति र सबै बिषयगत क्षेत्रका अगुवा निकायहरूले योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनका लागि एक संयन्त्र स्थापना गरी पूर्वतयारी तथा प्रतिकार्यको अनुगमन गर्नेछन्। देशभर विपद् व्यवस्थापन सम्बन्धि समग्र कार्यको समन्वय, अनुगमन र मूल्याङ्कन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले गर्नेछ।

अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदनलाई समेत आधार लिई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई हरेक वर्ष पुनरावलोकन गरी अद्यावधिक गरिनु पर्दछ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समय तालिकाको नमूना अनुसूची १५ मा दिईएको छ।


## ५. संस्थागत समन्वय र सहकार्य

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) ले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको व्यवस्था गरेको छ। यो ऐनले संघ, प्रदेश र स्थानीय तहमा देहायका संरचनाको व्यवस्था गरेको छ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति
- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
- प्रदेश विपद् व्यवस्थापन परिषद्
- प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति
- जिल्ला विपद् व्यवस्थापन समिति
- स्थानीय विपद् व्यवस्थापन समिति


यसका साथै उक्त ऐनले राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र, जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको समेत व्यवस्था गरेको छ । यस ऐनले व्यवस्था गरेको विपद् व्यवस्थापनको संस्थागत संरचना सञ्जाल चित्र २ मा प्रस्तुत गरिएको छ । यसका आधारमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको संस्थागत समन्वय र सहकार्य ढाँचा चित्र ३ मा सुझाव गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा संवैधानिक व्यवस्था अनुसार प्रदेश तथा स्थानीय तहका सरकारहरूले पनि विपद् व्यवस्थापन सम्बन्धी कानुनी तथा संस्थागत संरचना तयार गरेका संदर्भमा समेत यी मार्गदर्शनहरू उपयोगी हुने अपेक्षा गरिएको छ ।




**चित्र २. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (प्रथम संशोधन, २०७५) बमोजिम विपद् व्यवस्थापनको संस्थागत संरचना**

नोटः उल्लिखित संस्थागत संरचनामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ का प्रावधानहरुलाई आधार लिई विभिन्न समितिहरु र निकायहरु बीचको सम्बन्ध र समन्वयलाई प्रष्टयाउने गरी प्रस्तुत गरिएको छ। बाक्लो "——" रेखाले प्रत्यक्ष र पातलो " ····· " रेखाले अप्रत्यक्ष सम्बन्ध जनाउँछ ।




चित्र ३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमाको संस्थागत समन्वय र सहकार्य ढाँचा

# ६. तथ्याङ्क, घटना विवरण प्रतिवेदन तथा सम्प्रेषण

## ६.१ घटना विवरण एवं प्रतिवेदन

विपद् सम्बन्धित तथ्याङ्कहरू राख्ने तथा सम्बन्धित तहमा प्रतिवेदनको संयोजन गर्ने मुख्य जिम्मेवारी सम्बन्धित तहको हुनेछ । यसका लागि सम्बन्धित तहले आवश्यक पूर्वतयारी गर्नु आवश्यक छ ।

विपद्का समयमा गरिने दैनिक प्रतिवेदन आपत्कालीन कार्यसञ्चालन केन्द्र भएको तहमा उक्त केन्द्रले र नभएकोमा सम्बन्धित तहले तोकेको निकायले घटना तथा दैनिक विवरण तयार गरी सम्प्रेषण गर्न सकिनेछ । घटना विवरण प्रतिवेदन (Situation Report) को नमूना खाका अनुसूची १६ मा दिइएको छ । प्रतिवेदनहरू बिभिन्न हुन सक्छन् र तिनका स्वरुप पनि फरक हुन सक्छन् ।

घटना विवरण प्रतिवेदन आवश्यकता अनुसार सरोकारवालाहरुलाई सम्प्रेषण गर्नु पर्दछ ।

## ६.२ तथ्याङ्क तथा सूचना व्यवस्थापन

विपद् व्यवस्थापन सम्बन्धि भए गरिएका कामहरू तथा अन्यत्रबाट तत्सम्बन्धित प्राप्त जानकारी, सूचनाहरू, अभिलेखहरू व्यवस्थित ढङ्गले राख्नुपर्छ । तिनको प्रति प्राधिकरण तथा राष्ट्रिय आपत्कालीन् कार्यसञ्चालन केन्द्रमा रहेको वेभ पोर्टलमा पठाउन वा अपलोड गर्न गराउन सकिन्छ । तथ्याङ्क प्रणालीमा पहूँचकालागि गृह मन्त्रालय वा प्राधिकरणले सहयोग गर्न सक्छन् ।

## ७. अनुसूचीहरू

विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा आवश्यक सूचना तथा तथ्याङ्कहरू सङ्कलन गर्न केही स्रोतसामग्री, नमूना खाकाहरू सुझाईएको छ । सामान्यतया प्रयोग गर्न सकिने ती नमूनाहरू देहाय वमोजिम छन् :

अनुसूची १. योजना तर्जुमा प्रकृयामा समितिहरूको प्रथम बैठक कार्यसूची
अनुसूची २. विषयगत क्षेत्रको प्रथम बैठकको मुख्य कार्यसूची
अनुसूची ३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको विषय-सूची
अनुसूची ४. सन्दर्भ सामग्री पुनरावलोकनको मुख्य नतिजा
अनुसूची ५. प्रकोप जोखिम विश्लेषण फाराम
अनुसूची ६. कार्यशालाको सहभागीको नमूना दर्ता फाराम
अनुसूची ७. सरोकारवाला निकायको पहिचान
अनुसूची ८. विषयगत क्षेत्र तथा अगुवा संस्थाको सूची
अनुसूची ९. निकायगत स्रोत साधनको आँकलन
अनुसूची १०. विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना
अनुसूची ११. विषयगत सदस्य संस्थाको कार्यशर्त निर्देश
अनुसूची १२. अगुवा सहयोगी संस्थाको कार्यशर्त निर्देश
अनुसूची १३. नमूना सूचक तथा लक्ष्यहरू
अनुसूची १४. अनुगमन, मूल्याङ्कन तथा सिकाई नमूना फाराम
अनुसूची १५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन समय तालिका
अनुसूची १६. घटना विवरण प्रतिवेदन ढाँचा

## अनुसूची १. योजना तर्जुमा प्रकृयामा समितिहरूको प्रथम बैठकको कार्यसूची

गाउँ/नगरपालीका ............., जिल्ला ................., प्रदेश .................,

स्थान: मिति/समय:

*छलफलका विषयहरू*

१. गत बर्षका प्रकोप घटनाहरू र व्यवस्थापन सम्बन्धि समिक्षा

२. यस बर्षको पूर्वानुमान (बर्षा, बाढी सम्बन्धि पूर्वानुमानहरू जल तथा मौसम विज्ञान बिभाग बाट उपलब्ध हुन्छ, अन्य प्रकोपहरूको सम्बन्धित निकायबाट उपलब्ध हुन्छ)

३. सङ्कटासन्नता र जोखिमको बस्तुस्थिति (सम्बन्धित समितिको भौगोलिक कार्यक्षेत्र - जिल्ला, गाउ वा नगरपालीका, प्रदेश)

४. बिषयगत क्षेत्रहरू (जिल्लामा रहने, गाउँपालीका, नगरपालीकामा रहने क्लष्टरहरू) र तिनको योजना

५. योजना तर्जुमा वा अद्यावधिक गर्ने प्रक्रिया

- गाउँ/नगर पालीकाको सन्दर्भमा वडाहरूमा गरिने र स्थानीय विपद् व्यवस्थापनमा एकिकृत गरिने प्रक्रिया र कार्ययोजनाको छलफल गर्ने,
- जिल्लाको सन्दर्भमा जिल्लाका गाउँपालीका र नगरपालीकाहरूमा गरिने वा भैरहेका प्रक्रिया र कार्ययोजनाको छलफल गर्ने । (आवश्यक भएमा) सम्बन्धित पालिकाहरूलाई आवश्यक सहयोग गर्ने सम्बन्धमा छलफल गर्ने
- जिल्ला विपद् व्यवस्थापन समिति र गाउँपालीका, नगरपालीकाहरूमा रहने बिषयगत कार्यक्षेत्र, साथै जिल्ला स्थित कार्यालय, संघसंस्थाहरूको योजना प्रक्रिया र कार्ययोजनाको छलफल गर्ने

६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा प्राविधिक सहयोग गर्नका लागि ((आवश्यक भएमा) अनुभव प्राप्त विज्ञ सम्मिलित) कार्यटोली (Working Group) को गठन गर्ने र कार्यशर्तहरू छलफल गरी स्वीकृत गर्ने

७. पूर्वतयारी योजना तर्जुमा प्रक्रियामा सहयोग र समन्वय (अन्य गा.पा., न.पा. सँग, जिल्ला सँग, प्रदेश र संघीय निकायविच)

८. अन्य (जस्तै : समितिको आगामी बैठक सम्बन्धमा) ।

**नोट** : (१) ऐनको दफा ४ को उपदफा (१) बमोजिम राष्ट्रिय परिषद्को बैठक बर्षको कम्तिमा दुईपटक बस्ने व्यवस्था छ । कार्यकारी समितिको बैठकका सम्बन्धमा यस्तो किटानी व्यवस्था भएको छैन । कार्यकारी समितिको पहिलो बैठकले संघीय तहका निकायहरूले योजना तर्जुमा प्रकृया साथै अन्य विपद् व्यवस्थापन समितिहरूलाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गर्न (अद्यावधिक गर्न) र आवश्यक समन्वय गर्न निर्देश गर्ने र दोश्रो (र अन्य) बैठकले प्रकोप पूर्वतयारी (योजनाहरू)को राष्ट्रिय अवस्था तथा अन्य बिषयहरूलाई समिक्षा गरी परिषद्को बैठकमा जानकारीका लागि पेश गर्ने अभ्यास गरिनेछ ।

(२) प्रदेश विपद् व्यवस्थापन परिषद् तथा कार्यकारी समिति, जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिका अन्य बैठक र तिनका कार्यसूची पहिलो बैठकका निर्णयहरू, तिनको कार्यान्वयन अवस्था र अन्य आन्तरिक सवालहरूमा निर्भर हुने भएकोले संख्या र कार्यसूची यस मार्गदर्शनमा उल्लेख गरिएको छैन ।

## अनुसूची २. विषयगत क्षेत्रको प्रथम बैठकको मुख्य कार्यसूची

गाउँ/नगरपालीका ............., जिल्ला ................., प्रदेश ................., विषयगत क्षेत्र ...........
स्थानः मिति/समयः

*छलफलका विषयहरू*

१. विषयगत क्षेत्रको परिचय
२. बिषयगत क्षेत्रको अगुवा तथा सदस्य संस्थाको नामावली
३. प्रमुख विपद् र प्रभावित क्षेत्रको छनौट
४. पहिचान भएको विपद्मा सम्बन्धित विषयगत क्षेत्रको विपद् पूर्वतयारी तथा प्रतिकार्यमा भूमिका,
५. विपद्को घटना हुनु अगाडि गरिने पूर्वतयारी र विपद् पश्चात् गरिने प्रतिकार्यको समयसीमा निर्धारण,
६. विद्यमान कमीकमजोरीहरू (Gaps) को पहिचान,
७. प्राथमिकता प्राप्त पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्य क्रियाकलापहरूको पहिचान,
८. प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्यका लागि विषयगत क्षेत्रको कार्ययोजना तर्जुमा,
९. विपद्को घटना अगावै गरिने पूर्व तयारी तथा विपद्को समयमा गरिने आपत्कालीन कार्यका लागि
१०. मुख्य जिम्मेवार निकायको पहिचान,
११. बिषयगत क्षेत्रको अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना तर्जुमा,
१२. प्रत्येक पूर्वतयारी तथा प्रतिकार्यका लागि लागत अनुमान (सम्भव भए सम्म)
१३ .अन्य (जस्तै : आगामी बैठक सम्बन्धमा) ।

**नोटः** प्रत्येक विषयगत क्षेत्रका अन्य बैठक र तिनका कार्यसूची पहिलो बैठकका निर्णयहरू, तिनको कार्यान्वयन अवस्था र अन्य आन्तरिक सवालहरूमा निर्भर हुने भएकोले संख्या र कार्यसूची यस मार्गदर्शनमा उल्लेख गरिएको छैन ।

## अनुसूची ३. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको विषय सूची

१. पृष्ठभूमि

 १.१ गाउँ/नगरपालीका/जिल्ला/प्रदेशको परिचय

 १.२ योजनाको पृष्ठभूमि (संक्षिप्त विपद्को स्थिति, योजनाको आवश्यकता, औचित्य)

२. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको उद्देश्य

३. विपद् जोखिमको अवस्था

 ३.१. विगतका विपद्हरूको विश्लेषण

 ३.२. कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था (सम्बन्धित गाउँ/नगरपालीका, जिल्ला, प्रदेशमा भएका)

 ३.३. प्रमुख प्रकोपहरू र प्राथमिकतामा रहेका प्रकोपहरू

 ३.४. सम्भाव्य प्रकोपको आँकलन तथा सम्भावित प्रभाव क्षेत्रको नक्शाङ्कन

 ३.५. विपद् सङ्कटासन्नता तथा क्षमता विश्लेषण

 ३.६. विपद् जोखिम आँकलन तथा नक्शाङ्कन

 ३.७. प्रकोप पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विश्लेषण

 ३.८. सरोकारवाला संस्थाहरू

 ३.९. विषयगत क्षेत्रहरू

४. सामान्य पूर्वतयारी योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि)

५. पूर्वानुमानमा आधारित पूर्वतयारी योजना (पूर्वानुमान सम्भव हुने प्रकोपहरूको लागि)

६. आपत्कालीन प्रतिकार्य योजना (सम्पूर्ण विषयगत क्षेत्रहरूको लागि)

७. आवश्यकताको लेखाजोखा

 ७.१. विषयगत स्रोत साधनको आँकलन

 ७.२. वन्दोवस्तीका सामानको आँकलन

 ७.३. अन्य आवश्यकताहरू

 ७.४. अनुमानित लागत

 ७.५. आर्थिक श्रोत र उपलब्ध हुने विधि र संयन्त्र

८. अन्य निकायहरूसँगको समन्वय र सहकार्य

९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१०. अनुगमन, मूल्याङ्कन तथा सिकाई योजना

 १०.१. लक्ष्य र सूचकहरू

 १०.२. अनुगमन, मूल्याङ्कन तथा सिकाई संयन्त्र

 १०.३. अनुगमन तथा मूल्याङ्कन कार्ययोजना

 १०.४. क्षमता विकास

 १०.५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको पुनरावलोकन र पृष्ठपोषण

११. अनुसूचीहरू

१२. सन्दर्भ सामग्रीहरू

## अनुसूची ४. सन्दर्भ सामग्रीहरूको समीक्षा

| सि.नं. | प्रतिवेदनको नाम | पूर्वअसल अभ्यासहरू | मुख्य सिकाई | सुझाव |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

## अनुसूची ५. प्रकोप जोखिम विश्लेषण नमूना फाराम

| प्रदेश/जिल्ला/गा.पा./ न. पा. | सम्भावित प्रकोपको स्तर (१ निम्न- ५ उच्च) | | | | | | | विपद्को प्रभाव ( मृतक संख्या वा विस्थापीत संख्या) | संकटासन्नताको स्तर (निम्न, मध्यम, उच्च) |
|---|---|---|---|---|---|---|---|---|---|
| | बाढी | पहिरो | आगलागि | महामारी | भूकम्प | शीतलहर | ...... | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

नोट : संकटासन्नताको स्तर मापन गर्दा सम्भावित विपद्को अवस्था, मानवीय क्षति आदिको आधारमा समूहका सदस्यको सहमतिबाट गर्नुपर्दछ ।

## अनुसूची ६. कार्यशालामा सहभागीको दर्ता फाराम

| सि.नं. | नाम | पद | निकाय | इमेल | मोवाइल | हस्ताक्षर |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

## अनुसूची ७. सरोकारवाला निकायको पहिचान

| सि.नं. | निकाय | विषयगत क्षेत्र | कार्यरत प्रदेश/ जिल्ला/गा. पा./ न. पा. | सम्पर्क व्यक्तिको नाम र पद | सम्पर्क विवरण (फ्याक्स, फोन, इमेल) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

## अनुसूची ८. विषयगत अगुवा र सम्बन्धित संस्थाको सूची

| सि.नं. | विषयगत क्षेत्र | सदस्य संस्था | सम्पर्क व्यक्ति | सम्पर्क विवरण | कैफियत |
|---|---|---|---|---|---|
| १ | समन्वय, खोज तथा उद्धार | | | | |
| २ | खाद्य तथा कृषि | | | | |
| ३ | आश्रयस्थल | | | | |
| ४ | वन्दोवस्ती | | | | |
| ५ | खानेपानी, सरसफाई तथा स्वच्छता | | | | |
| ६ | स्वास्थ्य | | | | |
| ७ | पोषण | | | | |
| ८ | शिक्षा | | | | |
| ९ | गैरखाद्य सामग्री | | | | |
| १० | संरक्षण | | | | |
| ११ | तत्कालीन पुर्नलाभ | | | | |
| १२ | सामाजिक सुरक्षा | | | | |
| १३ | अन्य | | | | |

प्रमाणित गर्ने ..............................कार्यालय..........................मिति......................

**नोटः** उल्लेखित विषयगत क्षेत्रहरू मध्ये स्थानीय उपलब्धता र आवश्यकताका आधारमा थपघट गर्न सकिनेछ। विषयगत क्षेत्र अनुसारका अलगै सूची राख्न पनि सकिन्छ।

## अनुसूची ९. निकायगत स्रोत साधनको आँकलन

निकायको नाम........................................कार्यालयको ठेगाना......................................

| सामग्रीको नाम | परिमाण | अनुमानित लागत | भण्डारण स्थल | माग गरेपछि उपलब्ध हुने समय अवधि | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट : (१) विपद् व्यवस्थापन समिति वा सम्बन्धित निकायहरूले सेवा प्रदायक वा आपुर्तिकर्ताहरूसँग आपत्कालीन अवस्थामा आवश्यक भएमा उपलब्ध गराउने/खरीद गर्ने शर्त सहित अनुवन्ध करार गर्न सकिन्छ ।

(२) माथि उल्लेखित तालिकामा तत्कालीन प्रतिकार्यका लागि उपलब्ध हुनसक्ने राहत सामग्रीको परिमाण सहित उल्लेख गर्नुपर्दछ । प्राय प्रदेश/जिल्ला/गा. पा./न. पा. मा कार्यरत निकायहरूले उल्लेखित परिमाणका सामग्री उपलब्ध गराउने प्रतिवद्धता जाहेर गर्न नसकेता पनि पछि केन्द्रीय कार्यालयबाट माग गर्न सक्दछन् । यस्तो अवस्थामा पनि सम्भावित सामग्रीको विवरण उल्लेख गरी उपलब्धताका वारेमा कैफियतमा जनाउन सकिन्छ ।

(३) सामान्यतया तत्कालीन राहत सामग्रीमा त्रिपाल, प्लाष्टिकका वाल्टीन, प्लाष्टिकका म्याट, मञ्जन/ब्रस, सावुन, खानापकाउने भाँडाकुँडा, चामल, चिउरा, चाउचाउ, विष्कुट, नुन, प्याज तथा अन्य गाडी, डुङ्गा, गोदाम जस्ता वन्दोवस्ती (Logistic) सामग्री पर्दछन् ।

(४) उद्धार सामग्रीहरू प्रकोप अनुसार फरकफरक हुन सक्छन् । साथै एउटै प्रकोपमा पनि त्यसको स्तर अनुसार फरक उद्धार साम्रगीहरू आवश्यक हुन्छन् । उद्धार सामग्री र तिनको प्रयोग गर्ने दक्ष जनशक्तिको लेखाजोखा साथसाथै गर्नुपर्छ ।

## अनुसूची १०. विपद् पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना

| सि.नं. | क्रियाकलाप | समयावधि | मुख्य जिम्मेवार निकाय | सहयोगी निकाय | अनुमानित लागत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट : प्राथमिकताप्राप्त पूर्वतयारी तथा प्रतिकार्यको कार्यसूची विषयगत क्षेत्रका पूर्वतयारी तथा प्रतिकार्य योजनाका आधारमा तयार गर्न सकिन्छ ।

## अनुसूची ११. विषयगत सदस्य संस्थाको कार्यशर्त (नमूना)

कुनै विषयगत क्षेत्रमा परेको समस्या समाधानमा सहयोग गर्न सम्बन्धित तहमा तोकिएको प्राविधिक क्षमता भएको तथा अधिकारप्राप्त व्यक्ति, संस्था वा निकायलाई विषयगत सदस्य संस्था भनिन्छ ।

विषयगत सदस्य संस्थाको काम कर्तव्य यस प्रकार हुनेछन्:

१. विषयगत सदस्य संस्था (सरकारी निकाय, राष्ट्रसंघीय निकाय, रेडक्रस अभियानका सदस्य, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस आदि) का वीचमा उपयुक्त विषयगत समन्वय संयन्त्र स्थापना तथा व्यवस्थापन गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने ।
२. संघीय, प्रदेश, जिल्ला र स्थानीय तह, सरकारी निकाय, स्थानीय नागरीक समाज तथा अन्य सरोकारवाला निकाय वीच समन्वय गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने ।
३. आफ्नो विषयगत क्षेत्रमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने । यस अन्तर्गत विपद्को प्रकृति तथा योजना मान्यता, प्राथमिकताप्राप्त आपत्कालीन कार्य तयारी, आपत्कालीन कार्य संवोधन गर्न प्राथमिकताप्राप्त पूर्वतयारी कार्यका लागि विद्यमान कमीकमजोरी पहिचान, विषयगत कार्ययोजना आदि पर्दछन् ।
४. आपत्कालीन अवस्थाका लागि पर्याप्त आकश्मिक योजना तथा पूर्वतयारीको प्रत्याभूति गराउने ।
५. विषयगत क्षेत्रका सहभागीहरू सम्बन्धित नीतिगत मार्गदर्शन तथा प्राविधिक मापदण्डका वारेमा जानकारी राख्दछन् र सोही मापदण्डका आधारमा प्रतिकार्य गर्दछन् भन्ने कुराको प्रत्याभूति गराउन विषयगत अगुवा संस्थालाई सहयोग गर्ने ।
६. विषयगत क्षेत्रका कार्यसमूहको प्रभाव र कार्यान्वयन योजनाको प्रगतिको समीक्षा गर्न तथा पर्याप्त प्रतिवेदन र प्रभावकारी सूचना प्रवाहको प्रत्याभूति दिन प्रभावकारी अनुगमन संयन्त्र स्थापना गर्न विषयगत अगुवा संस्थालाई सहयोग गर्ने ।
७. सूचना संकलन तथा प्रचारप्रसारमा योगदान गर्न स्रोत साधनको आवश्यकता पहिचान गर्ने ।
८. विषयगत क्षेत्रका प्राथमिकता प्राप्त कार्य संचालन गर्न दातृ समुदायलाई मानवीय सहायता कार्यमा लगानी गर्न प्रोत्साहन गर्ने । साथै, विषयगतक्षेत्रका सहभागीहरूलाई सामान्य माध्यमबाट उनीहरूको स्रोत साधन परिचालन गर्न प्रोत्साहीत गर्ने ।
९. मानवीय सहायतामा संलग्न साझेदार संस्थाका कर्मचारीको क्षमता विकासका लागि तालिम संचालन गर्न सहयोग गर्ने ।
१०. पूर्व निर्धारीत प्राथमिकता प्राप्त आवश्यकता पूर्तिका लागि विषयगत संस्थाहरूलाई अन्तिम सेवा प्रदायकका रुपमा जिम्मेवार बनाउने ।
११. कार्यक्षेत्र र कार्यक्रमको प्राथमिकताका आधारमा विषयगत क्षेत्रका मुख्य साझेदारलाई समावेश गराउने ।

## अनुसूची १२. अगुवा सहयोगी संस्थाको कार्यशर्त (नमूना)

अगुवा सहयोगी संस्थाको मुख्य भूमिका विपद् पूर्वतयारी तथा प्रतिकार्यसम्बन्धी क्रियाकलाप गर्न विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्ने सिलसिलामा सम्बन्धित तहमा कार्यरत सबै निकायका बीच छलफल गर्न साझा मञ्च प्रदान गरी आवश्यक सहजकर्ताको कार्य गरी यस कार्यमा विपद् व्यवस्थापन समितिलाई सहयोग प्रदान गर्नु हो ।

मुख्य भूमिका यसप्रकार हुनेछ :

१. सबै निकायहरूको सहकार्यमा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमामा सहयोग गर्ने ।
२. विपद् व्यवस्थापन समितिसंग समन्वय गरी अन्तिम कार्यशाला गर्नु अघि बैठकहरू संचालन गर्ने ।
३. विपद्सम्बन्धी तथ्याङ्क संकलन, प्रकोप जोखिम विश्लेषण आदि कार्यमा समन्वय गर्ने र प्राविधिक तथा वित्तिय सहयोग प्रदान गर्ने ।
४. प्रभावकारी प्रतिकार्य पूर्वतयारीको लागि मुख्य सिद्धान्त वा न्यूनतम मापदण्डका बारेमा समन्वय गर्ने ।
५. विगतका अनुभवको आधारमा सफलता, चुनौति तथा कमीकमजोरी पहिचान गर्ने ।
६. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा प्रकृयामा सबै विषयगत क्षेत्रका अगुवा तथा सदस्य संस्थाहरू लगायत अन्य सरोकारवालाहरूको सहभागिता सुनिश्चित गर्ने ।
७. कार्यशालाको नतिजा तयार गर्ने र सम्बन्धित तहमा कार्यरत मानवीय सहायतामा संलग्न निकायहरूमाझ प्रवाह गर्ने । माथिल्लो तहमा प्रतिवेदन दिने साथै तल्लो तहसम्म जानकारी गराउँने आदि ।

## अनुसूची १३. नमूना सूचक तथा लक्ष्यहरू

| सि. नं. | सूचक | आधार रेखा | लक्ष्य |
|---|---|---|---|
| **१** | **प्रदेश/जिल्ला/गा.पा./न.पा. स्तरमा विपद्बाट हुने मृत्यु दर उल्लेख्य मात्रामा कम गर्ने** | | |
| १.१ | विपद्बाट मृत्यु हुनेको वार्षिक औसत संख्या (सडक दुर्घटना बाहेक) | | |
| १.२ | सडक दुर्घटनाबाट मृत्यु हुनेको वार्षिक औसत संख्या | | |
| **२** | **प्रदेश/जिल्ला/गा.पा./न.पा. स्तरमा विपद्बाट प्रभावित व्यक्तिहरूको संख्या उल्लेख्य मात्रामा कम गर्ने** | | |
| २.१ | विपद्बाट प्रत्यक्ष प्रभावित हुने परिवारहरूको वार्षिक औसत संख्या | | |
| २.२ | विपद्बाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | | |
| २.३ | सडक दुर्घटनाबाट घाईते हुने व्यक्तिहरूको वार्षिक औसत संख्या | | |
| २.४ | विपद्बाट क्षति हुने घरहरूको वार्षिक औसत संख्या | | |
| ३ | प्रदेश/जिल्ला/गा.पा./न.पा. स्तरमा कूल गार्हस्थ्य उत्पादनमा विपद्को कारण हुने वार्षिक औसत प्रत्यक्ष आर्थिक क्षति | | |
| ४ | संघ, प्रदेश र स्थानीय तहहरू र सरोकारवालाहरू बीच अन्तर तथा परस्पर समन्वय र साझेदारी अभिबृद्धि गर्न संयन्त्र विकास गर्ने ( प्रतिशत) | | |
| **५** | **बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सूचना तथा आंकलनको उपलब्धता र पहुँचमा उल्लेख्य बृद्धि गर्ने** | | |
| ५.१ | कूल क्षेत्रफलको अनुपातमा बहुप्रकोप अनुगमन तथा पूर्वसूचना प्रणाली स्थापना र संचालन भएको क्षेत्रफलको प्रतिशत | | |
| ५.२ | विपद् प्रभावित क्षेत्रको जनसंख्याको अनुपातमा स्थानीय वा राष्ट्रिय सूचना प्रणाली मार्फत पूर्वसूचना प्राप्त गर्ने जनसंख्याको प्रतिशत | | |
| ५.३ | विपद् जोखिमयुक्त क्षेत्रहरूमा पूर्वानुमानमा आधारित पूर्वतयारी कार्यविधि लागु भएका स्थानीय तहहरूको प्रतिशत | | |
| ५.४ | स्थानीय स्तरमा उपयोगी विपद् जोखिमसम्बन्धी सूचना तथा जानकारी एवं आंकलन जनसमुदायलाई उपलब्ध गराउन सक्ने स्थानीय तहहरूको प्रतिशत | | |
| ५.५ | पूर्वसूचना प्राप्त भएपछि विपद् प्रभावित क्षेत्रबाट सुरक्षित स्थानमा सारिएका जनसंख्याको प्रतिशत | | |

## अनुसूची १४. अनुगमन, मूल्याङ्कन तथा सिकाइ नमूना फाराम

| सि.नं. | प्राथमिकता प्राप्त पूर्वतयारी तथा प्रतिकार्य कार्य | मुख्य जिम्मेवार निकाय | कार्यान्वयनको अवस्था | असल अभ्यास तथा कमीकमजोरी | सुझाव |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटः अनुगमन, मुल्याङ्कन तथा सिकाइलाई अन्य स्थापित प्रचलनका ढाँचामा पनि अभिलेखन गर्न सकिन्छ ।

## अनुसूची १५. विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना पुनरावलोकन समय तालिका

| योजना पुनरावलोकन गरिने अवधि | जिम्मेवार निकाय | गर्नुपर्ने मुख्य कार्य (बैठक गर्ने बजेट व्यवस्था आदि) | अर्को योजना पुनरावलोकन वा अद्यावधिक गर्ने बैठकको अनुमानित मिति |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

## अनुसूची १६. घटना विवरण प्रतिवेदन ढाँचा

१. तयार गर्ने जिल्ला : अवस्था प्रतिवेदन नं. दस्तखत
२. प्रतिवेदन तयार गरेको मिति :
३. लाई (प्रजिअ, जिविव्यस, गृह मन्त्रालय आदि)
४. वाट : (प्रजिअ, जिविव्यस,नेरेक्रसो)
५. बोधार्थ : (प्रजिअ, जिविव्यस, गृह मन्त्रालय आदि)
६. प्रतिवेदन अवधि (देखि......सम्म)
७. प्रतिवेदनले समेट्ने क्षेत्र (जिल्ला, नपा/गा.पा.)
८. सामान्य अवस्था (प्रभावित गा.पा., लाभान्वित जनसंख्या, क्षति भएको घर आदि)
९. पूर्वतयारी कार्यको विवरण
१०. पूर्वतयारी योजना (सरकारी, रेडक्रस, गैरसरकारी क्षेत्रबाट प्रदान गरीने पूर्वतयारी योजना
११. खोज, उद्धार र राहतको विवरण (सरकारी, गैरसरकारी, रेडक्रस र राष्ट्रसंघीय निकायहरूबाट भएको खोज, उद्धार र राहत
१२. खोज, उद्धार र राहतको योजना (सरकारी, रेडक्रस, गैरसरकारी क्षेत्रबाट प्रदान गरीने खोज, उद्धार र राहतको योजना
१३. पूर्वतयारी तथा खोज, उद्धार र राहतमा हुनसक्ने कमी वा कठिनाइ
१४. समस्या समाधानका उपाय वा अवश्यक सहयोगको अपेक्षा